# AMNESTY INTERNATIONAL REPORT 2020/21

## THE STATE OF THE WORLD'S HUMAN RIGHTS

(अनौपचारिक नेपाली अनुवाद)

यसभित्र


| सि.नं. | विषय | पेज नं. |
|---|---|---|
| १. | प्रेस विज्ञप्ति ........................................................................................ | १ |
| २. | भूमिका ........................................................................................ | ६ |
| ३. | विश्वव्यापी विश्लेषण ........................................................................... | १० |
| ४. | एम्नेस्टी इन्टरनेसनल प्रतिवेदन २०२०/२१ को नेपाल खण्ड ..................................... | १५ |

एम्नेस्टी इन्टरनेसनल

प्रेस विज्ञप्ति

# दशकौँदेखिको असमानता, उपेच्छा र दुर्व्यवहारका कारण उत्पीडनमा रहेकाहरूलाई कोभिड-१९ ले सबैभन्दा बढी प्रहार गरेको छ

- **महामारीले आदिवासी अल्पसङ्ख्यक, स्वास्थ्यकर्मी र महिलाहरूलाई सबैभन्दा नराम्ररी प्रभावित पारेको विश्वव्यापी रूपमा विद्यमान विशाल प्रणालीगत असमानतालाई उदाङ्ग पारेको छ**
- **मानवअधिकारमाथिको आक्रमणलाई थप बढाउन विश्वका नेताहरूले कोभिड-१९ लाई हतियारका रूपमा प्रयोग गरेको प्रतिवेदनको निचोड रहेको छ**
- **एम्नेस्टी इन्टरनेसनलकी नव नियुक्त महासचिव आग्नेस कलामारले महामारीपछिको संसारलाई राम्रो र बलियोसँग पुनःनिर्माण गर्नका लागि भत्किएका प्रणालीहरूलाई पुर्नविचार गरी नयाँ स्वरूपमा लानका लागि आह्वान गर्नुभएको छ**

विश्वव्यापी रूपमा फैलिएको कोभिड महामारीले असमानता, विभेद र उत्पीडनलाई कायम राख्ने जानाजानी अख्तियार गरिएका विभाजनकारी र विनाशकारी नीतिहरूको भयानक विरासतलाई उदाङ्गो पारिदिएको छ जसले कोभिड-१९ द्वारा सिर्जित विनाशको बाटो तय गर्न पनि भूमिका खेलिदिएको थियो, एम्नेस्टी इन्टरनेसनलले आज प्रकाशित आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ।

*एम्नेस्टी इन्टरनेसनल प्रतिवेदन२०२०/२१: विश्वको मानवअधिकारको अवस्था*ले १४९ देशको मानवअधिकार अवस्थालाई समेटेको छ र सन् २०२० मा विश्वव्यापी रूपमा देखिएको मानवअधिकारको प्रवृत्तिको गहन विश्लेषण प्रदान गरेको छ।

यो प्रतिवेदनमा एम्नेस्टीले विश्वका नेताहरूले लिएका दशकौँदेखिको विभेदकारी नीतिजन्य निर्णयका कारण महिला र शरणार्थीलगायत पहिल्यैदेखि सबैभन्दा बढी सीमान्तीकरणमा परेकाहरूले महामारीको विनाशकारी परिणाम भोग्नुपरेको उल्लेख गरेको छ। स्वास्थ्यकर्मीहरू, आप्रवासी श्रमिकहरू र अनौपचारी क्षेत्रमा श्रम गरिरहेकाहरूले - जसमध्ये धेरैजसो अग्रपङ्क्तिमा रहेर खटिएका पनि थिए — पनि उपेक्षित स्वास्थ्य प्रणाली र टालटुले आर्थिक र सामाजिक सहयोगका कारण धोका पाए।

यो सङ्कटलाई निर्ममतापूर्वक आफूअनुकूल प्रयोग गरी मानवअधिकारमाथि थप आक्रमण गर्नका लागि कोभिड-१९ लाई हतियारका रूपमा प्रयोग गरेका नेताहरूका कारण विश्वव्यापी महामारीविरुद्धको प्रतिकार्य थप कमजोर बन्न पुग्यो, एम्नेस्टीले बतायो।

“कोभिड-१९ ले राष्ट्रहरूभित्रै र राष्ट्रहरूका बीचमा रहेको असमानतालाई निर्ममताका साथ उजागर गरिदिनुका साथै उक्त असमानतालाई थप गहिराइदिएको छ। साथै यसले हाम्रो साझा मानवताको भावनामा नेताहरूमा देखिएको आश्चर्यजनक बेवास्तापनमाथि पनि प्रकाश पारिदिएको छ। दशकौँदेखिको विभाजनकारी नीतिहरू, सार्वजनिक खर्च कम गर्ने र जनतामा

बढ्दो कर थोपर्ने गलत नीति(misguided austerity measures) र भत्कँदो अवस्थामा रहेका सार्वजनिक पुर्वाधारहरूमा खर्च नगर्ने नेताहरूद्वारा गरिएका निर्णयहरूले अत्यधिक धेरैलाई भाइरसको सजिलो शीकार बनाइदिएको छ," एम्नेस्टी इन्टरनेसनलकी नव नियुक्त महासचिव आग्नेस कालामारले बताइन्।

"अस्तव्यस्त अवस्थामा रहेको विश्व हाम्रो सामु रहेको छ। महामारीको यो समयमा सबैभन्दा भ्रामक मनस्थितमा रहेका नेताहरूले पनि हाम्रो सामाजिक, आर्थिक र राजनीतिक प्रणालीहरू भताभुङ्ग अवस्थामा रहेको कुरा इन्कार गर्न सङ्घर्ष गर्नुपर्ने हुन्छ।"

**महामारीले दशकौँदेखिको असमानता र सार्वजनिक सेवाहरूमा भएको स्खलनलाई बढाइदिएको छ**

एम्नेस्टीको प्रतिवेदनले दशकौंदेखिको विषाक्त नेतृत्वका कारण विद्यमान रहेको असमानताका कारण कसरी आदिवासी अल्पसङ्ख्यक, शरणार्थी, उच्च उमेर समूहका व्यक्ति र महिलाहरूलाई महमारीले असमानुपातिक हिसाबमा नकारात्मक असर पारेको छ भन्ने कुरा देखाएको छ।

कोभिड-१९ ले पहिल्यैदेखि जोखिमपूर्ण अवस्थामा रहेका शरणार्थी, शरण खोजी रहेकाहरू र आप्रवासीहरूको अवस्थालाई धेरै देशहरूमा थब खराब बनाइदियो। कतिपय उनीहरू दुर्गन्धित अवस्थाका क्याम्पहरूमा कोचिएर रहन पुगे, जीवन निर्वाहका लागि अत्यावश्यक सामग्री आपूर्तीबाट वञ्चित रहे र देशका सीमा नाकाहरू बन्द रहेकाले कतिपय उनीहरू अलपत्र अवस्थामा रहे। उदाहरणका लागि १४ लाख शरणार्थीलाई होस्ट गरिरहेको अफ्रिकाको सबैभन्दा ठूलो सङ्ख्यामा शरणार्थी होस्ट गर्ने देश युगान्डाले महामारीको सुरूवातमा तत्काल आफ्नो सीमाना बन्द गर्यो र शरणार्थी तथा शरण खोज्दै युगान्डा प्रवेश गर्न खोज्नेहरूका लागि कुनै अपवादजन्य व्यवहार प्रदर्शन गरेन। परिणामस्वरूप दश हजार मानिसहरू युगान्डा र प्रजातान्त्रिक गणतन्त्र कङ्गो (DRC) को सीमा क्षेत्रमा अलपत्र परे।

आवतजावत र हिँडुलमा लगाइएको प्रतिबन्धका कारण धेरै महिला र फरक यौनिक पहिचान भएका व्यक्तिहरू (LGBTI persons) ले संरक्षण र सहयोग प्राप्त गर्नमा थप व्यवधानहरूको सामना गर्नुपरेकोले लैङ्गिक हिंसा र घरेलु हिंसामा स्पष्ट वृद्धि भएको प्रतिवेदनले दर्शाएको छ। दुर्व्यवहार गर्नेसँगै एक्लिएर रहनुपरेको अवस्थामा पीडितका लागि हिंसासम्बन्धी उजुरी गर्ने गोप्य संयन्त्रको अभाव र सेवा प्रदान गर्ने कार्यको निलम्वन वा कमजोर सेवा क्षमताका कारण यो अवस्था थप जटिल बनेको थियो।

महामारीको अग्रपङ्क्तिमा रहेर खटिएकाहरू - स्वास्थ्यकर्मी र अनौपचारीक क्षेत्रमा श्रम गरिरहेकाहरू — जानाजानी उपेक्षामा पारिएका स्वास्थ्य प्रणाली र दयनीय अवस्थाका संरक्षणका उपायहरूका कारण पीडित हुन पुगे। लकडाउन र कर्फ्युका कारण बङ्गलादेशमा अनौपचारिक क्षेत्रमा कार्यरत धेरै मानिसहरू आय र सामाजिक संरक्षणविहीन अवस्थामा रहे। महामारीमा राज्यको प्रतिकार्यको अवस्था र व्यक्तिगत सुरक्षात्मक उपकरणको अभावका बारेमा चासो राखेका कारण जुनको पहिलो दुई हप्तामा निकारागुवामा कम्तिमा १६ जना स्वास्थ्यकर्मीहरूलाई बर्खास्त गरियो।

"हामी हाम्रा नेताहरूले वर्षौंदेखि गरेका नियोजित उपेक्षाको परिणाम भोगिरहेका छौं। सन् २०२० मा महामारीको अद्वितीय तनावको अवस्थामा स्वास्थ्य प्रणालीहरू अन्तिम परीक्षणको चरणमा पुगेका छन् र आम जनता आर्थिक गिरावटको अवस्थामा धकेलिएका छन्। सन् २०२० का नायकहरू जीवन रक्षाका लागि अग्रपङ्क्तिमा खटिएका स्वास्थ्य कर्मीहरू र आयस्तरको सबैभन्दा पुछारमा रहेका ती व्यक्तिहरू हुन पुगे जसले आफ्नो परिवारलाई खुवाउनका लागि श्रम

गरे र हाम्रो आधारभूत सेवा प्रणालीलाई सुचारू राखे। दुःखद् र निष्ठुर कुरा के रह्यो भने सबैभन्दा बढी जसले दिए उनीहरू नै सबैभन्दा कम संरक्षित रहे," आग्नेस कालामारले भनिन्।

**विषाक्त सोच भएका नेताहरूको समूहद्वारा मानवअधिकारमाथि थप आक्रमण गर्ने हतियारको रूपमा महामारीको प्रयोग**

यो प्रतिवेदनले महामारीको व्यवस्थापनका क्रममा अवसरवादमा रूमल्लिएका र मानवअधिकारलाई पूर्ण उपेक्षा गरेका विश्वका नेताहरूको असफतलाको एउटा निराशाजनक तस्वीर प्रस्तुत गर्दछ।

"हामीले हाम्रा नेताहरूबाट भएका प्रतिकार्यका विविध स्वरूपहरू देख्यौं जसमा कुनै प्रतिकार्यहरू मध्यम स्तरका थिए, कुनै झुटग्रस्त थिए, कुनै स्वार्थी र कुनै चाहीं कपटपूर्ण खालका थिए। कसैले कोभिड-१९ प्रतिकार्यस्वरूप हठतापूर्वक अगाडि सारिएका सङ्कटकालीन उपायहरूलाई सामान्यीकरण गर्ने प्रयत्न गरे। एउटा निश्चित विषाक्त समूहका नेताहरू त अझ एक कदम अगाडि रहे। यो सङ्कटलाई उनीहरूले आफ्नो शक्ति मजबुत बनाउने अवसरका रूपमा देखेका छन्। जनतालाई सहयोग गर्ने र संरक्षण गर्ने कार्य गर्नुका साटो उनीहरूले मानिसको अधिकार कुण्ठित गर्नका लागि महामारीलाई केवल हतियार बनाएका छन्, आग्नेस कालामारले भनिन्।

अधिकारीहरूद्वारा महामारीका सवालमा भएका सार्वजनिक टिप्पणीलाई अपराधीकरण गर्ने कानुन पारित गर्ने विषय एउटा प्रमुख प्रवृत्तिका रूपमा रहन गयो। उदाहरणका लागि हङ्गेरीमा प्रधानमन्त्री भिक्टर ओर्बानको सरकारले कोभिड-१९ का बारेमा "गलत सूचना फैलाउने" कार्यमा पाँच वर्षसम्मको कैद सजाय गर्ने प्रावधानसहित त्यहाँको फौजदारी संहितालाई संशोधन गर्यो।

गल्फ मुलुकहरू बहाराइन, कुवेत, ओमान, साउदी अरेबिया र संयुक्त अरब इमिरेटमा अधिकारीहरूले कोभिड-१९ महामारीसम्बन्धी सरकारी प्रतिकार्यका बारेमा सामाजिक सञ्जालमा टिप्पणी गर्नेहरूलाई "गलत समाचार" फैलाएको आरोपमा अभियोजन गर्नेदेखि लिएर कोभिड-१९ महामारीलाई अभिव्यक्ति स्वतन्त्रतालाई दबाउने कार्य जारी राख्ने एउटा बहानाका रूपमा प्रयोग गरे।

अन्य नेताहरूले अत्यधिक बलको प्रयोग गरेका छन्। फिलिपिन्समा राष्ट्रपति रोड्रिगो दुतेर्तेले क्वारेन्टाइन उपायहरू सञ्चालन गरिएको बेलामा विरोध गर्ने वा "दुःख दिने"लाई गोली हानी "मार्ने" आदेश आफूले प्रहरीलाई दिएको बताए। नाइजेरियको क्रूर प्रहरी नियमनका कारण सुरक्षा बलहरूले आफ्नो अधिकार र जवाफदेहिताको माग गर्दै सडकमा आन्दोलनरत जनताहरूलाई हत्या गरेका छन्। कोभिड-१९ महामारीका बेला राष्ट्रपति बोल्सोनारोको शासन रहेको ब्राजिलमा प्रहरी हिँसामा वृद्धि भएको छ। जनवरीदेखि जुनसम्ममा देशभरी प्रहरीद्वारा कम्तिमा ३,१८१ जनाको हत्या भएको छ जुन सङ्ख्या दैनिक औसत १७ जना हुन आउँछ।

महामारीका कारण पैदा भएको विकर्षणको अवस्थामा संसारभरीका सञ्चारजगतको ध्यान अन्यत्र मोडिएको अवसरलाई प्रयोग गर्दै भाइरससँग असम्बन्धित आलोचना र आलोचकहरूलाई दबाउने तथा अन्य मानवअधिकार उल्लङ्घन गर्ने गरी केही नेताहरू त एक कदम अझ अघि बढेका छन्। उदाहरणका लागि भारतमा नरेन्द्र मोदीले नागरिक समाज अभिन्ताहरूको घर र आँगनमा प्रतिआतङ्कवादसम्बन्धी खानतलासी लगायतका कार्य गरेर उनीहरूमाथि थप दमन गरे। त्यस्तै चीन राष्ट्रपति सि चिनफिङको चिनीया सरकारले सिनजियाङ्गमा उइघुर र अन्य मुस्लिम अल्पसङ्ख्यकविरुद्धको उत्पीडनलाई निर्वाध जारी राख्यो र राजनीतिक रूपमा प्रेरित दमनलाई वैधानिकता दिनका लागि हंकंगमा विस्तृत राष्ट्रिय सुरक्षा कानुन अघि बढायो।

"राज्य र पीडिक व्यक्तिहरूलाई जवादेही बनाउन अन्तर्राष्ट्रिय फौजदारी अदालत र संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार संयन्त्रहरू जस्ता अन्तर्राष्ट्रिय संस्थाहरू अस्तित्वमा रहेका छन्। दु:खद् कुरा के रहेको छ भने मानवअधिकार उल्लङ्घनहरूमा हुनुपर्ने सामूहिक प्रतिकार्यलाई कमजोर बनाउन तथा यस्तो प्रतिकार्यलाई आफ्नो फाइदामा प्रयोग गर्न लालायित नेताहरूले पैदा गरेका राजनीतिक गत्यावरोधका कारण ती संस्थाहरू प्रभावहीन बन्न पुगेको सन् २०२० ले देखाएको छ," आग्नेस कालामारले भनिन्।

## राष्ट्रिय स्वार्थले कोभिड प्रतिकार्यमा अन्तर्राष्ट्रिय सहयोगलाई उछिनेको छ

महामारीबाट माथि उठ्न चालिएका पुन:प्राप्तिका प्रयासहरूमा अन्तर्राष्ट्रिय सहयोगलाई अवरोध गरेर वा कमजोर तुल्याएर विश्वका नेताहरूले अन्तर्राष्ट्रिय स्तरमा विनाश पैदा गरेका छन्।

यस्ता असहयोगमा केही निम्नानुसार रहेका छन्ः

- संयुक्त राज्य अमेरिकाका पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्प जस्ता धनी देशका नेताहरूले विश्वका प्राय सबै खोपको आपूर्ती आफैले खरिद गरी अरू देशलाई एकदम कम वा शून्य मात्रामा खोप राखिदिएर विश्वव्यापी सहयोगका प्रयासहरूलाई छलेका छन्। यी धनी देशहरू कोभिड-१९ को खोप आपूर्ति फैलाउनका लागि आफ्नो ज्ञान र प्रविधि अन्य देशमा साझेदारी गर्ने सम्बन्धमा औषधि कम्पनीहरूमाथि दबाब दिन पनि विफल भएका छन्।
- भाइरसका बारेमा सुरूवाती चरणमा चेतावनी फैलाउने प्रयत्न गरेका स्वास्थ्य कर्मी र पत्रकारहरूलाई सि चिनफिङको सरकारले नियन्त्रण र अभियोजन गरी अति नै महत्त्वपूर्ण जानकारीलाई दबाउने कार्य गर्यो।
- जि २० देशहरूले गरिब राष्ट्रहरूलाई केही समय ऋण तिर्न नपर्ने तर पछि ब्याजसहित पुन:भुक्तानी गर्नुपर्ने माग राखे।

"महामारीले गम्भीर विश्वव्यापी आवश्यकताको समयमा प्रभावकारी रूपमा आपसी सहयोग गर्ने सवालमा विश्व अक्षम रहेको कुरालाई निकै कठोरता साथ छर्लङ्ग पारिदिएको छ," आग्नेस कलामारले भनिन्।

"यसबाट बाहिर निस्कने एउटै उपाय भनेको अन्तर्राष्ट्रिय सहयोग नै हो। राष्ट्रहरूले सबै ठाउँमा सबैका लागि र सेवा प्रदायक स्थलमा नि:शुल्क रूपमा प्राप्त हुनेगरी छिट्टै खोपहरू उपलब्ध भएको सुनिश्चित गर्नु पर्दछ। औषधि कम्पनीहरूले आफ्नो ज्ञान र प्रविधि साझेदारी गर्नु पर्दछ ताकि कोहीपनि कोभिड-१९को खोप सेवाबाट पछाडि नपरोस्। जि २० सदस्य राष्ट्रहरू र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले ७७ वटा गरिब देशहरूलाई कोभिड-१९ महामारी सामना गर्न र यसबाट माथि उठ्न सहयोग गर्नका लागि कर्जामा राहत प्रदान गर्नुपदर्छ।"

## आफ्नो सरकारको विफलतापछि संसारभरी मानिसहरू विरोध आन्दोलनहरूमा खडा भएर उभिए

संयुक्त राज्य अमेरिकामा भएको *ब्ल्याक लाइभ्ज् म्याटर* (अश्वेतहरूको जीवनको अर्थ छ) विरोध, नाइजेरियमा भएको *#एन्ड सार्स्* विरोध र नयाँ तथा सिर्जनशील विरोधका स्वरूपहरू जस्तै भर्चुअल जलवायु हड्तालमा देखिएजसरी प्रतिगमनकारी नीतिहरूले धेरै मानिसहरूलाई लामो समयदेखिको नागरिक आन्दोलन अभियानमा सरिक हुन प्रेरित गर्यो। यो प्रतिवेदनले मानवअधिकार अभियन्ताहरूले सन् २०२० मा हाँसिल गरेका महत्त्वपूर्ण धेरै जितहरू खासगरी लैङ्गिक हिंसाका सवालमा भएका उपलब्धीहरूका बारेमा विस्तृत चर्चा गरेको छ। यी उलब्धीहरूमा कुवेत, दक्षिण कोरिया र

सुडानमा महिला हिंसालाई रोक्न ल्याइएका नयाँ कानुनहरू तथा अर्जेन्टिना, उत्तरी आएरल्याण्ड र दक्षिण कोरियमा गर्भपतनलाई कानुनमा गैर-अपराधीकरण गरिएका कुराहरू पर्दछन्।

“सन् २०२० मा नेतृत्व क्षमता शक्ति, विशेषाधिकारमा रहेका वा नाफाखोर व्यवसायीहरूबाट झल्किएन। परिवर्तनका लागि अगाडि बढेका विरोध प्रदर्शनमा सहभागी ती असङ्ख्य मानिसहरूले नेतृत्व देखाए। हामीले *#एन्ड सार्स्, ब्ल्याक लाइभ्ज् म्याटर*लगायत दमन र असमानताका विरुद्ध पोल्याण्ड, हंकंग, इराक, चिलिलगायत विश्वका विभिन्न स्थानहरूमा भएका जनप्रदर्शनहरूमा व्यापक समर्थन देख्यौं। अक्सर आफ्नै सुरक्षालाई समेत जोखिममा राखी अग्रसर रहेका संसारका सर्वसाधारण र मानवअधिकार रक्षकहरूले हामीलाई प्रेरित गरिरहे। यी मानिसहरू अझ राम्रो, अझ सुरक्षित र अझ बढी समानता भएको संसारका लागि सङ्घर्षको अग्र भागमा रहेकाहरू हुन्,” आग्नेस कालामारले भनिन्।

“हामी एउटा चौबाटोमा रहेका छौं। हामीले मानव मर्यादालाई अवमूल्यन गर्ने जञ्जीरहरूलाई तोड्नु पर्छ। समानता, मानवअधिकार र मानवतामा आधारित संसार निर्माणका लागि हामीले विश्व व्यवस्थालाई "रिसेट" र "रिबुट" गर्नुपर्दछ। हामीले यो महामारीबाट पाठ सिक्नुपर्दछ र सबै समान हैसितमा भएको सुनिश्चित गर्न हामी सबैले निर्भयका साथ सिर्जनशील ढङ्गमा कार्य गर्नुपर्दछ।”

**-समाप्त-**

थप जानकारीका लागि वा अन्तर्वार्ताका लागि कृपया एम्नेस्टी इन्टरनेसनलको कार्यालयमा फोन वा इमेल गर्नुहोलाः फोन नं +44 20 7413 5566, इमेल press@amnesty.org or jess.owen@amnesty.org

## भूमिका

**सन् २०२० मा केवल एउटा अणुहरूको समूहले सम्पूर्ण विश्वलाई हलाइदियो।**

**नाङ्गो आँखाले देख्न सकिने भन्दा सानो आकारको एउटा स्थानीय भाइरसले प्रस्ट देखिने तीव्रताका साथ फैलिएर एउटा विश्वव्यापी महामारीको रूप लियो। यसको खास उत्पत्तिका बारेमा पछि जेसुकै पुष्टि भएपनि कोरोना भाइरस (कोभिड-१९) र यसबाट भएका हताहतीहरू अत्यन्तै धेरै फैलियो र यसो हुनुमा केही हदमा हामी बीचमै विश्वव्यापी रूपमा रहेको देश भित्रै र देशहरूबीचको गहिरो र फराकिलो असमानता नै प्रमुख कारकको रूपमा रहेको छ। सार्वजनिक पूर्वाधार र जनस्वास्थ्य प्रणालीलाई कमजोर बनाउने गरी अवलम्वन गरिएको सार्वजनिक हितमा कम खर्च गर्ने र जनतालाई करको भार बढाउने (austerity) नीतिहरू र स्वरूप, कार्यदिशा र नेतृत्व क्षमतामै अत्यन्त कमजोर बन्न पुगेका अन्तर्राष्ट्रिय संरचनाहरूले यो अवस्थालाई झन खराब बनाए। र राष्ट्रिय सार्वभौमिकताको पुरातन सोचलाई महत्त्व दिने र विज्ञान, प्रमाण र विश्वव्यापी मान्यताहरूलाई इन्कार गर्ने खालको दृष्टिकोणलाई फैलाउँदै अरूलाई दानवीकरण र बहिष्कार गर्ने केही राष्ट्रका नेताहरूको दबाबका कारण यो अवस्था अझै बढी खराब हुन पुगेको छ।**

यो असाधारण समय हो। तर के हामी यो समयको चुनौतीलाई सामना गर्ने हिसाबमा माथि उठेका छौं त?

असाधारण समयले असाधारण प्रतिकार्य र असाधारण नेतृत्वको माग राख्दछ।

सन् २०२० मा असाधारण नेतृत्व कुनै शक्तिकेन्द्र, विशेषाधिकारमा रहेका वा नाफाखोर व्यावसायीबाट आएको थिएन। जीवन बचाउने सेवामा अग्रपङ्क्तिमा खटिएका नर्स, डाक्टर र स्वास्थ्यकर्मीहरूबाट असाधारण नेतृत्व प्रदर्शन भएको थियो। उच्च उमेर समूहका व्यक्तिहरूको हेरचाहमा रहेकाहरूले यस्तो नेतृत्व देखाए। दशौं लाख जाँच र परीक्षण गरी खोपको खोजीमा व्यग्रतापूर्वक लागेका प्राविधिक र वैज्ञानिकबाट यस्तो नेतृत्व देखिन आएको थियो।

यस्तो नेतृत्व आय स्तरको सबैभन्दा पिँधमा रहेका ती व्यक्तिहरूले देखाए जसले हामीलाई खुवाउनैका लागि श्रम गरे, जसले हाम्रा सडकहरू सफा गरे, जसले लाखौं दिवंगत व्यक्तिहरूको शरीरको रखवारी गरे, जसले हाम्रो अत्यावश्यक सेवाहरूलाई दुरूस्त राखे, जसले हाम्रा सडकहरूमा गस्ती गरे र जसले बचेखुचेको सार्वजनिक यातायातलाई चालु अवस्थामा राखे।

सन् २०२० मा विश्वको धेरै क्षेत्र बन्द हुँदा तिनै व्यक्तिहरू खडा भए र काममा उत्रिए। त्यसैगरी ऐक्यबद्धता स्वरूप आफ्नै घरमा बसेका व्यक्तिहरू (यदि उनीहरूको आफ्नै घर थियो भने), भावनात्मक रूपले महङ्गो भौतिक दूरी कायम गरेर बसेका व्यक्तिहरू र आफू वरिपरीकालाई हेरचाह गरेका व्यक्तिहरू पनि मानव सेवामा खरो उत्रिए।

तर त्यो साहसको सतहमुनि महामारीको समयले संरचनात्मक र ऐतिहासिक रूपमा विद्यमान रहेको शक्तिको दुरुपयोगबाट पैदा भएका विनाशकारी परिणामहरूलाई उदाङ्ग पारिदियो। कोभिड-१९ महामारीले हामी को हौं भन्ने परिभाषित नगर्ला तर यसले पक्कै पनि हामी के हुनुहुन्न भने कुरालाई विस्तारित गरिदिएको छ।

यो कुरालाई स्पष्टसँग देखेपछि मानिसहरू पुनः खडा भएर उत्रिए। उनीहरू असमानताका विरुद्ध उभिए। उनीहरू अश्वेत मानिसहरू, अल्पसङ्ख्यक समुदाय, गरीब र आवासविहीनहरूमाथि असमानुपातिक तवरमा लक्षित प्रहरी हिंसाका विरुद्ध उभिए। उनीहरू बहिष्करण, पितृसत्ता र वर्चस्ववादी नेतृत्वको घृणास्पद शब्दाडम्बर र क्रूर आचरणविरुद्ध खडा भएर उत्रिए। *ब्ल्याक लाइभ्ज् म्याटर* र *#मिटु* आन्दोलनका मागहरू विश्वभरी गुन्जियो। बेलारूसदेखि पोल्याण्डसम्म, इराकदेखि चिलिसम्म, हंगकंगदेखि नाइजेरियासम्म दमन र असमानताविरुद्धका जन प्रदर्शन सडकहरूमा छताछुल्ल भए। बारम्बार आफ्नै सुरक्षा जोखिममा रहँदा पनि विश्वभरीका मानवअधिकार रक्षक र सामाजिक न्याय अभियन्ताहरूको नेतृत्वले हामीलाई झक्झकाई रहे।

समय समयमा हामीले असाधारण राजनीतिक नेतृत्वको झलक देख्न पायौं। यस्तो नेतृत्व प्रायः महिला नेतृहरूबाट देखिएको थियो जसले जीवन बचाउन, स्वास्थ्य प्रणालीलाई टिकाउन, अभूतपूर्व रफ्तारमा तत्काल समाधानहरू खोज्न आवश्यक लगानी व्यवस्था मिलाउन र जनजीविका गुमाएकाहरूलाई अति आवश्यक आर्थिक सहयोग दिनका लागि साहसी र कठिन निर्णयहरू लिएका थिए।

तर महामारीले विश्वका राजनीतिक नेताहरूमा रहेको मध्यम सोच, मिथ्यापन, स्वार्थ र कपटलाई अझ तिब्रताका साथ बढाइदिएको छ।

मैले यो लेखिरहेको बेला सबैभन्दा धनी देशहरूले विश्वको खोप वितरणमा एकाधिकार जमाएका छन् जसले गर्दा स्रोत-साधन कम भएका देशहरूलाई गम्भीर स्वास्थ्य र मानवअधिकारको परिणाम भोग्नु पर्ने भएको छ जसले ती देशमा दीर्घकालीन आर्थिक र सामाजिक विचलन निम्तने छ।

र दशौं लाख मानिसको मृत्यु भई रहँदा र दशौं लाखले आफ्नो जीविका गुमाई रहँदा पनि शीर्ष अरबपतिहरूको आमदानी बढिरहेको, ठूलठूला टेक कम्पनीहरूको नाफामा वृद्धि भएको र विश्वका आर्थिक केन्द्रहरूमा शेयर बजारमा भएको वृद्धिलाई हामीले कसरी बुझ्ने? महत्त्वपूर्ण त महामारीको बोझको उचित हिस्सालाई आफूले पनि वहन गर्ने तथा चिरस्थायी खालको न्यायोचित र समतामूलक पुनर्प्राप्ति हाँसिल गर्ने कुरा सुनिश्चित गर्ने सवालमा उनीहरूका के प्रस्तावहरू छन्? सन् २०२१ का यी सुरूवाती दिनमा यसमा उनीहरूको मौनता अझै टुटेको छैन।

विश्वको अर्थव्यवस्थाले यस्तो महामारीको समयमा, फेरी पनि, सबैभन्दा कम हुनेले नै सबैभन्दा बढी दिनु पर्ने अवस्था तुल्याइदिएको कुरा कसरी सम्भव छ?

सन् २०२० ले अन्तर्राष्ट्रिय सहयोगको कमजोरीलाई पनि उजागर गरिदियोः बहुपक्षीय प्रणालीले सबैभन्दा शक्तिशालीहरूको पक्षपोषण गरेका र सबैभन्दा कमजोरलाई एकदमै कम सहयोग गरेका छन् र विद्यमान व्यवस्था सहयोगका लागि अनिच्छुकै नरहेता पनि विश्वव्यापी ऐक्यबद्धतालाई अभिवृद्धि गर्नमा भने अयोग्य सिद्ध भएको छ। महामारीको सुरूवाती दिनहरूमा महत्त्वपूर्ण जानकारीलाई दबाउने चीनको घोर गैरजिम्मेवारीपन एकदमै विनाशकारी रहेको थियो जबकी महामारीको बीचमा विश्व स्वास्थ्य सङ्गठनबाट बाहिरिने संयुक्त राज्य अमेरिकाको निर्णयले विश्वका बाँकी देशहरूप्रति उसको असामान्य तवरको वेवास्तालाई देखायो। पछि ब्याजसहित पुनः चुक्ता गर्नुपर्ने मागसहित सन् २०२० मा ७७ देशहरूलाई कर्जा भुक्तानी गर्नमा तत्काललाई निलम्बन गर्ने जी-२० देशहरूले लिएको जस्तो बेकामे अर्ध उपायहरूले महामारीबाट माथि उठ्ने सन्दर्भमा दशौं लाख मानिसको आर्थिक र सामाजिक अधिकारमा पर्न सक्ने संभावित गम्भीर असरका साथै विद्यमान संरचनात्मक र असमानता र वित्तीय कठिनाईलाई अझै थप गहिराउने जोखिम थप्यो।

वर्षौंको महान असफलतापछि सन् २०२० ले विश्वका हाम्रा राजनीतिक संस्थाहरू तिनले हाँसिल गर्नुपर्ने विश्वव्यापी उद्देश्यका लागि अयोग्य रहेका थप प्रमाण उपलब्ध गराएको छ।

यस महामारीले कम सम्भावना भएको तर उच्च असर पार्न सक्ने विश्व घटना हुँदा प्रभावकारी र समतामूलक आपसी सहयोग अगाडि बढाउनमा विश्वको शासन व्यवस्था असक्षम रहेको वास्तवितामाथि कडा प्रकाश पारेको छ। त्यसैले जब हामी अगाडि हेर्दै खोपले काम नगर्ने झन ठूलो खालको सङ्कट जस्तोकी जलवायु सङ्कटका बारेमा सोच्दछौं तब हामी आसन्न खतराको अनुभूतिलाई बिरलै पन्छाउन सक्दछौं।

सन् २०२० मा दशौं लाख मानिसले चरम खालका जलवायु घटनाहरूले पैदा गरेका विनाशकारी असरहरूलाई भोग्नुर्यो। विश्वव्यापी तापक्रम वृद्धि र जलवायु अस्थिरताले थप गम्भीर बनाएका प्रकोपहरूले दशौं लाख मानिसको जीवनको अधिकार, खाद्यअधिकार, स्वास्थ्यको अधिकार, आवासको अधिकार, स्वच्छ पिउने पानीको अधिकार र सरसफाइको

अधिकार उपभोगमा गम्भीर असर पार्यो। यसलाई सब साहारन अफ्रिका र भारतमा लामो समय चलेको खडेरीको समस्यादेखि लिएर दक्षिण पूर्वी एशिया, क्यारेबियन, दक्षिण अफ्रिका र प्रसान्त क्षेत्रमा फैलिएको विनाशकारी उष्णकटिबन्धीय आँधी वा क्यालिफोर्निया र अस्ट्रेलियालाई सताएको विनाशकारी आगलागीले सिद्ध गरेका छन्। यसको जवाफमा? पेरिस सम्झौताअन्तर्गत विकसित देशहरूले जलवायु वित्तको लागि विकासशील देशहरूलाई सन् २०२० सम्ममा न्यूनतम एक सए बिलियन अमेरिकी डलर सहयोग दिने भनी गरेको प्रतिबद्धता पुरा भएन। सन् २०३० सम्ममा विश्व हरितगृह ग्यास उत्सर्जनको दर आधा कटौती गर्ने लक्ष्यका लागि आवश्यक प्रतिबद्धता अगाडि सार्न पनि राष्ट्रहरू देखिने गरी असफल रहे। अपरिवर्तनीय परिणाम ल्याउन सक्ने १.५ डिग्री सेल्सियस भन्दा बढीको विश्व तापक्रम वृद्धिको गतिलाई रोक्न विद्यमान अवस्थामा एउट आमूल परिवर्तनको आवश्यकता रहेको छ।

सन् २०२० का ३६६ दिनहरूमा विदेशी भूमिका मानिसहरूप्रतिको त्रास(xenophobia) र जातिय घृणाबाट उत्पन्न घातक स्वार्थ, कायरता, मध्यमता र विषाक्त असफलतामा मलजल भएको मात्र देखियो। यी ३६६ दिनहरूले शताब्दीऔंदेखिको जातिवाद, पितृसत्ता र असमानताको हिंसात्मक विरासत कति अपरिवर्तित र कति सामयिक रहेछ भन्ने स्पष्ट पारेका छन्। तर यी ३६६ दिनहरूले मानव परिवारको हिसाबमा हाम्रो शक्ति र धैर्यताका लागि हामीलाई प्रेरणाको अमूल्य स्रोतहरू उपहारस्वरूप दिएका पनि छन्। र यी दिनहरूले आफ्नो अधिकारका लागि उभिन र महामारीबाट निष्पक्ष र न्यायपूर्ण पुनःप्राप्ति हाँसिल गर्नमा मानिसले देखाएका दृढतालाई पनि प्रतिनिधित्व गरेका छन्।

असाधारण समयले असाधारण प्रतिकार्य र असाधारण नेतृत्वको माग गर्दछ। हाम्रो सामु रहेका ठूला चुनौतीहरू सामना गर्नका लागि अझ बढी प्रतिरोधी विश्व निर्माणका लागि हामीले अब के देख्नुपर्दछ ?

महामारी पश्चातको एउटा दिर्घकालीन विश्व समाजको जग पुनःप्राप्तिमा मात्र निर्भर रहँदैन। यसको लागि जवाफदेहिता, मानवअधिकार तथा हाम्रो वासस्थान, पर्यावरण र अर्थव्यवस्थासँगको हाम्रो सम्बन्धलाई पुनर्विचार र पुनर्गठन आवश्यक छ।

तात्कालिक रूपमा अधिकारीहरूले सबैका लागि खोप उत्पादन र वितरणको कार्यलाई तिब्रता दिनुपर्दछ। यो विश्वव्यापी रूपमा सोच्ने, स्थानीय रूपमा काम गर्ने र दीर्घकालीन योजना बनाउने सवालमा आपसी सहयोगका लागि विश्वको क्षमताको एउटा सबैभन्दा मौलिक र आधारभूत परीक्षण हुनेछ। यसमा विश्व व्यापार सङ्गठनको ट्रिप्स (TRIPS) सम्झौतामा छुट वा वेभर दिने कुरामा सहयोग गर्ने कुरा पनि पर्दछ। यसले कोभिड-१९ सम्बन्धी स्वास्थ्य सामग्रीको उत्पादनमा हुनुपर्ने अत्यावश्यक विस्तारलाई सहयोग गर्दछ र औषधि कम्पनीहरूले विश्व स्वास्थ्य सङ्गठनको कोभिड-१९ टेक्नोलोजी एक्सेस पुल (C-TAP) जस्ता आफ्ना नविनता र प्रविधिको खुला र एकीकृत इजाजत र पहलहरूलाई साझेदारी गरेको सुनिश्चित गर्नुपर्छ।

त्यो पहिलो चरण पछाडि "अझ राम्ररी पुनर्निर्माण (Builds back better)" गर्ने पुनःप्राप्तिसम्बन्धी प्रयासले पुनःसञ्चालन (reboot) भन्दा बढी कुराको माग गर्दछ। यसका लागि व्यक्तिगत र विश्वव्यापी दुवै तवरमा मानवअधिकारको संरक्षण र सम्मानको माध्यमबाट सङ्कटको जड कारणलाई संबोधन गर्ने अलग सुरूवात गर्न आवश्यक छ। सबभन्दा पहिला यसका लागि सरकारहरूको "सुरक्षा" बढाउने एजेण्डालाई अन्त्य गरिनुपर्दछ। यस्तो एजेण्डाले ९/११ देखि नागरिक स्थलको व्यापक रूपमा दमन गरेको छ जुन महामारीका समयमा झन बढेको छ। असाधारण कार्यकारी र नियमन शक्तिलाई सामान्यताको गलत रङ्ग प्रदना गर्ने त्यस्तो एजेण्डा अहिले चिरस्थायी बन्ने खतरा भएको छ। यसलाई ध्वस्त पार्नु पर्दछ।

दोश्रो कुरा न्यायपूर्ण र दिगो पुनर्प्राप्तिका लागि विश्वको कर व्यवस्थालाई पुनर्संरचना गर्नुपर्दछ। स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षालगायतका आर्थिक र सामाजिक अधिकार परिपूर्ति गर्न आवश्यक स्रोत-साधनहरूको परिचालन गर्न पर्याप्त कर निर्धारण गर्नु आवश्यक हुन्छ। अन्तर्राष्ट्रिय नाफामा न्यायोचित र मानवअधिकारलाई सम्मान गर्ने खालको कर निर्धारण मूल विषय हुनेछ। त्यस्तै कर छली र जबर्जस्त ढङ्गमा कर नतिर्ने कार्य अन्त्य गर्ने सवालका गम्भीर प्रयासहरू

पनि उत्तिकै महत्त्वपूर्ण रहनेछन्। उर्जा कम्पनीहरूको नाफाको हिस्सा र साझेदारहरूलाई दिने जीवाश्म इन्धनको व्यापारबाट प्राप्त भएको लाभाँश भुक्तानीमा राष्ट्रहरूले नयाँ जीवाश्म ईन्धन करको व्यवस्था गर्नुपर्दछ ताकी यस्ता साझेदार र कम्पनीहरूलाई उपभोक्ताहरूमा खास बोझ नपारिकन नवीकरणीय उर्जा प्रयोग गर्नतिर प्रेरित गर्न सकिन्छ।

यस महामारीपछिको समाजमा अदूरदर्शी खालको निर्णयहरूले कुनै स्थान राख्दैन। जहिलेसम्म विश्वको अर्थव्यवस्थालाई अत्यधिक कार्वनमा निर्भर सम्पत्तिमा कम नियमन गरिएको, काल्पनिक, अत्यधिक संग्रहशील लगानीले ठाउँ लिइराख्छ जलवायु सङ्कट गहिरिँदै मात्र जानेछ र यसले विविध उल्लङ्घनहरू पैदा गर्दै जानेछ र मानव परिवारको अस्तित्वलाई नै जोखिममा पार्ने अपरिवर्तनीय एकल अकाट्यतातर्फको हाम्रो यात्राको गति तीव्रतर हुनेछ।

तेश्रो कुरा जसरी यात्रुवाहक जेट विमान रोक्न साइकलको हाते ब्रेक अनुपयुक्त र बेकामे हुन्छ त्यसैगरी आफूले मात्र र आफ्नै लागि मात्र काम गर्ने सार्वभौम राष्ट्रले यी विश्वव्यापी चुनौतीहरूको सामना गर्न संभव छैन भन्ने वास्तविकतालाई हामीले सामना गर्नुपर्दछ।

महामारीबाट दरिलोसँग पुनःप्राप्तिका उपायहरूका साथ माथि उठ्नका लागि विश्वव्यापी शासन व्यवस्थामा सुधार र विश्वव्यापी संस्थाहरूलाई मानवअधिकारका जिम्मेवारी पुरा गर्न सक्षम र सबलीकरण गर्नेगरी यी संस्थाहरूको उद्देश्य पुनर्परिभाषित गर्नु पूर्वशर्त हुन्छ। आफूलाई मन परेको चेरी विश्वव्यापी सुशासनको केकबाट लिएर आफूलाई "असहज" लाग्ने मानवअधिकार, जवाफदेहिता र पारदर्शिता लगायतका अवयवहरूलाई पछाडि छाडिदिने कतिपय देशहरूले अवलम्वन गरेका "छान र टिप" पद्धिलाई हामी स्वीकार्न सक्दैनौं। उद्देश्यअनुसार सुहाउँदो (Fit-for-purpose) विश्वव्यापी सुशासन व्यवस्थाका लागि नरसंहार र मानवताविरुद्धको अपराध, शक्तिको दुरुपयोग र भ्रष्टाचार, क्रूर सेन्सरशिप र असहमतिको दमन, विभेद, जसले हाम्रो संरक्षण गर्नुपर्ने हो उनीहरूबाटै पाशविक बलको प्रयोग र यातना रोकथामका लागि मानवअधिकारका अन्तर्राष्ट्रिय मान्यता र मापदण्डहरू कसरी लागू हुन्छन् भन्ने कुराको विश्वव्यापी परीक्षण हुनु आवश्यक छ।

हाम्रो दिगो र दरिलो पुनःप्राप्ति (recovery) को मार्गमा हामीले पाउनुपर्ने नविनता, सिर्जनशीलता र सृर्जनात्मकताले हाम्रा स्वतन्त्रताहरू कायम भएको, प्रतिरक्षा गरिएको र संरक्षण गरिएको नकी त्यसलाई सङ्कुचन गरिएको कुराको माग माग राख्दछ। विश्व शासन व्यवस्था विश्वव्यापी उद्देश्यअनुरुप योग्य तबसम्म हुनेछैन जबसम्म यो व्यवस्था सञ्चालनको गहिराईमा विश्वका नागरिक समाजसँग व्यवस्थित सहकार्य, सम्मान र उच्च मूल्याङ्कनलाई बाँध्ने काम गर्दिँदैन। हामीले त्यसको माग गर्नुपर्दछ। हामीले त्यसको दाबी गर्नुपर्दछ। त्यसका निम्ति हामी सङ्गठित हुनुपर्छ ।र नागरिक समाजको हिसाबले हामी त्यसका लागि लायक भएको सुनिश्चित गर्नुपर्छ।

सन् २०२० ले हामीलाई पुनः एकपटक भावी पुस्ताहरूको जोखिममा हामीले उपेक्षा गर्ने गरेको निम्न विषयमा पाठ सिकाएको छः मानव परिवारको अन्तर्निर्भरता; सङ्कटको समयमा शासन व्यवस्थाबाट "हामी मानिसहरूलाई" आवश्यक पर्ने कुराको विश्वव्यापकता र हाम्रो आफ्नै भविष्य र हामीले हाम्रो ग्रहको लागि निर्माण गरिरहेको भविष्यबीचको अविभाज्यता। अर्को शब्दमा यो वर्षले हामीलाई फेरी पनि मानवअधिकारको सारका बारेमा सिकाएको छ।

अनुत्तरित रहेको प्रश्न के छ भने : के गर्नुछ भन्ने कुरा देख्न र महशुस गर्न के हामी पर्याप्त निडर हुनेछौं र के हामी पर्याप्त साहसका साथ जुन तह र गतिको आवश्यकता छ सोही तह र गतिका साथ खडा भएर यी कामहरू गर्नेछौं?

आग्नेस कालामार्
महासचिव

## विश्वव्यापी विश्लेषण

सन् २०२० मा कोभिड-१९ का कारण पुरै विश्व हल्लिएको थियो। कोभिड महामारी र यसलाई संबोधन गर्नका लागि चालिएका कतिपय उपायहरूले दशौं लाखको जीवनमा विनाशकारी असर मात्र पारेन यसले दुर्व्यवहार र असमानताका विद्यमान स्वरूपहरूलाई उजागर गर्नुका साथै कतिपय अवस्थामा त त्यसलाई थप गम्भीर समेत बनायो। कतिपय समस्याको जरा जाति, लैङ्गिकता र अन्य आधारमा गरिने विभेदमा रहेको थियो जसले निश्चित केही जनसङ्ख्यालाई अद्वितीय रूपमा जोखिमताको अवस्थामा पुर्याएको थियो। ती दुर्व्यवहार र असमानताहरूलाई व्यापक जनसहभागिताबाट सञ्चालित *ब्ल्याक लाइभ्ज् म्याटर* र महिला अधिकारसम्बन्धी अभियान आन्दोलनहरूले आम चासो र चर्चामा ल्याउँदै जोडदार रूपमा चुनौती दिएका थिए जसको अदम्य साहसले केही जितहरू पनि हाँसिल भयो। महामारीले वर्षौंदेखिको राजनीतिक र वित्तीय सङ्कट तथा विश्वव्यापी शासन र सहयोग प्रणालीका कमजोरीबाट पैदा भएका मानवअधिकार प्रभावलाई एकदम स्पष्ट पारेको छ जसलाई केही राष्ट्रहरूले आफ्नो जिम्मेवारीबाट पन्छिएर वा बहुपक्षीय संस्थामाथि आक्रमण गरेर थप जटिल बनाएका थिए। यी आयामहरू तीनवटा क्षेत्रमा देखिएको प्रवृत्तिहहरूद्वारा चित्रित थिए: जीवन, स्वास्थ्य र सामाजिक सुरक्षाको अधिकार उल्लङ्घन; लैङ्गिकतामा आधारित हिंसा र यौन तथा प्रजनन अधिकारमाथिको खतरा; र असहमतिका स्वरहरूको दमन।

यसैबीच लामो समयदेखि जारी र नयाँ द्वन्द्वमा सरकारी सुरक्षा बल र सशस्त्र समूहहरूले आम नागरिकमाथि अन्धाधुन्ध र लक्षित हमलाहरू गरे जसका कारण हजारौंको मृत्यु भयो र आम विस्थापन र मानवीय सङ्कट पैदा भयो वा ती सङ्कटहरू लम्बिए। युद्ध अपराध र मानवताविरुद्धको अपराधमा भएको केही महत्त्वपूर्ण दोषी प्रमाणीकरणको बाबजुद युद्ध र शान्ति दुवै अवस्थामा दण्डहीनता सामान्य रह्यो र केही देशहरूमा विधिको शासनमा स्खलन भयो। जलवायु सङ्कटले थप गम्भीर हुन पुगेको प्रकोपहरूबाट दशौं लाख व्यक्तिहरू पीडित भए।

गएको वर्षको समग्र चित्र भनेको अस्तव्यस्त अवस्थाको विश्व नै हो। यद्यपि महामारी र मानवअधिकारका अन्य सङ्कटहरूबाट मुक्त हुने लक्ष्यका लागि चालिएका कदमहरूलाई आधार बनाएर विश्वका नेताहरूले अन्तर्राष्ट्रिय सहयोगलाई पुनर्जिवित गर्ने र अझै बढी न्यायोचित भविष्य तयार गर्ने एउटा अवसर पाएका छन्।

## जीवन, स्वास्थ्य र सामाजिक सुरक्षा

कोभिड-१९ ले सन् २०२० मा कम्तिमा १८ लाख मानिसको ज्यान लियो। दशकौंदेखिको कम लगानी र तयारीको अभावले कमजोर हुन पुगेको स्वास्थ्य प्रणाली र सामाजिक संरक्षण कार्यक्रमहरू नयाँ चुनौती सामना गर्न सक्षम थिएनन्। बढ्दो बेरोजगारी र निष्क्रियताबाट श्रमिकको आम्दानीमा असर परेको थियो भने गम्भीर खाद्य असुरक्षाको सामना गरिरहेका व्यक्तिको सङ्ख्या दोब्बर भएर २७ करोड पुगेको थियो।

स्वास्थ्य र अन्य अत्यावश्यक श्रमिकहरूको पर्याप्त संरक्षण गर्न सरकारहरू असफल रहे। कोभिड–१९ को कारण हजारौंले आफ्नो ज्यान गुमाए र व्यक्तिगत सुरक्षा उपकरण (पिपिई) को अभावले गर्दा धेरैजना गम्भीर बिरामी परे। एम्नेस्टी इन्टरनेसनलले अनुगमन गरेको १४९ मध्ये ४२ वटा देशमा ती देशका अधिकारीहरूले महामारीमा खटिएका स्वास्थ्य वा अन्य अत्यावश्यक श्रमिकहरूलाई सताउने वा धम्की दिने गरेको आरोपहरूको बारेमा दस्तावेजीकरण गरेको छ। कतिपयले त सुरक्षा वा कार्यस्थलको अवस्थाका बारेमा चासो देखाएकोमा गिरफ्तार र कामबाट निलम्वन लगायतका प्रतिशोधहरूको सामना गर्नुपरेको थियो। स्वास्थ्य र सामाजिक क्षेत्रको विश्वव्यापी श्रमशक्तिको ७०% हिस्सा ओगटेका महिलाहरू स्वास्थ्य र सेवाकर्मीहरू विशेष रूपमा प्रभावित हुन पुगे जहाँ उनीहरूले पहिल्यैदेखि लैङ्गिकताका आधारमा ठूलो मात्राको पारिश्रमिक अन्तर भोगेका छन्।

कोभिड–१९ नियन्त्रणका लागि अपानाइएका केही सरकारी उपायहरूले सीमान्तकृत समूहहरूमा विभेदजन्य प्रभाव पर्यो। लकडाउन र कर्फ्यूका कारण विशेषगरी अनौपचारिक क्षेत्रमा कार्यरत धेरै सङ्ख्याका श्रमिकहरूले आफ्नो आम्दानी गुमाए

र पर्याप्त सामाजिक संरक्षणको पहुँच पनि प्राप्त गर्न सकेनन्। महिला र बालबालिकाहरूको सङ्ख्या यस क्षेत्रमा धेरै भएकाले उनीहरू असमानुपातिक तरिकाले प्रभावित हुन पुगे। उपयुक्त प्रविधिमा पहुँचको सुनिश्चितता नगरीकन अनलाइन माध्यमबाट मात्र शैक्षिक गतिविधि गर्ने अर्को शैक्षिक विधि अवलम्वन गरिएको कारण सीमान्तकृत समूहका धेरै शिक्षार्थीहरू मर्कामा परे। सार्वजनिक सेवाहरू बन्द भएकोले गर्दा बिरामी आफन्तहरूको हेरचाहलगायत बालबालिकालाई घरमै पढाउने र अन्य पारिश्रमिक प्राप्त नहुने सेवाजन्य कर्महरू गर्ने बोझ महिलाहरूले प्राथमिक रूपमा वहन गर्नुपर्यो।

यसबाहेक कोभिड–१९ ले शरणार्थी र आप्रवासीहरूको पहिलेदेखिकै असुरक्षित अवस्थालाई थप जटिल बनायो। कतिपय शरणार्थी र आप्रवासीहरू दुर्गन्धित क्याम्प वा हिरासत स्थलहरूमा अड्किएर बसे। कतिपय चाहीं देशका सीमानाहरू बन्द गरिएकोले अलपत्र परे। एम्नेस्टी इन्टरनेसनलले अनुगमन गरेको १४९ मध्ये ४२ वटा देशहरूमा शरणार्थी र आप्रवासीहरूलाई उनीहरू जुन देशबाट आएका थिए त्यही देशमा जबर्जस्ती फिर्ता गरिएको प्रतिवेदनहरू प्राप्त हुन आए। केही सरकारले कोभिड–१९ को सङ्क्रमण र प्रसारलाई रोक्न थुनामा राखिएका व्यक्तिहरूलाई रिहाई गर्नको लागि कदमहरू चालेका भएपनि हिरासत स्थलहरूको अत्यधिक भिडभाड र अस्वस्थकर अवस्थाले कैदीहरूलाई जोखिममा पार्यो। मानिसलाई आवासबाट जबर्जस्ती निष्कासन गर्ने कार्य जारी राखेकाले (एम्नेस्टी इन्टरनेसनलले अनुगमन गरेको १४९ मध्ये ४२ देशहरूमा यस्ता आरोपहरूको अभिलेख गरिएको) मानिसहरू आवासविहीन हुन पुगी भाइरस सङ्क्रणको थप जोखिममा परे।

पहिल्यैदेखि विद्यमान असमानता र स्वास्थ्य सेवामा पहुँचको अभावले गर्दा पनि केही हदमा धेरै देशहरूमा जातीय अल्पसङ्ख्यक र आदिवासी जनजातिहरूको सङ्क्रमण र मृत्यु दर असमानुपातिक रूपमा उच्च रहेको थियो। राजनीतिक र धार्मिक व्यक्तित्वहरूले भाइरस फैलिनुमा सीमान्तकृत समूहहरूलाई दोष लगाएर उनीहरूलाई कलङ्कित तुल्याए। केही दक्षिण एसियाली देशका मुस्लिम र धेरै अफ्रिकी र युरोपेली देशका फरक यौनिक अभिमूखिकरण भएका एलजीबीटीआई (LGBTI) व्यक्तिहरू यसको निसानामा परे।

जब कोभिड–१९ लाई महामारी घोषित गरियो राष्ट्रहरूले मानवअधिकारलाई पूर्ण तवरमा सम्मान गर्दै महामारीलाई नियन्त्रण, न्युनीकरण र पराजित गर्नुपर्ने जरुरी आवश्यकताको बारेमा बारम्बार उल्लेख गरे। विश्व स्वास्थ्य संगठन (WHO) को कोभ्याक्स (COVAX) सुविधाले अधिक देशले खोपमा पहुँच हाँसिल गरेको सुनिश्चित गर्न लक्षित एउटा सकारात्मक वैश्विक पहलको प्रतिनिधित्व गरेको भएपनि यसमा रसिया र संयुक्त राज्य अमेरिकाको गैर सहभागिता, धनी देशहरूले गरेको खोपको भण्डारण र आफ्नो बौद्धिक सम्पत्ति बाँड्नमा कम्पनीहरूको असफलताले यसलाई कमजोर बनायो। ९० भन्दा बढी देशहरूले चिकित्सकीय उपकरण, व्यक्तिगत सुरक्षा उपकरण, औषधि उत्पादनहरू र खाद्यान्न लगायतका वस्तुहरूलाई असर पार्ने गरी निर्यात प्रतिबन्धहरू लगाए।

कोभिड-१९ का सामग्रीहरूमा विश्वव्यापी पहुँचलाई सहजीकरण गर्नेगरी कोभिड-१९ का उत्पादनहरूमा बौद्धिक सम्पत्तिसम्बन्धी अधिकारलाई अस्थायी रूपमा छुट गर्ने भनी ल्याइएको प्रस्तावलाई विश्व व्यापार संगठन (WTO) मा अनुमोदन गर्न धनी राष्ट्रहरूले अवरोध गरे। विश्व स्वास्थ्य सङ्गठनको सन्दर्भमा संयुक्त राज्य अमेरिका र चीनबीच संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्मा देखिएको असहमतिले कोभिड–१९ प्रतिकार्यलाई सयहोग पुग्ने गरी तीन महिनाका लागि विश्वव्यापी रूपमा युद्धविराम गर्ने प्रस्ताव पारित गर्नमा ढिलाइ भयो। जिट्वाइन्टी (G20) देशहरूले गरीब देशहरूलाई ऋण भुक्तानी गर्न सीमित अवधिका लागि रोकेका भएपनि यसले उनीहरू आफैंले दाबी गरेको समन्वयात्मक ठूलो स्तरको प्रतिकार्यको लक्ष हाँसिल गर्न सकेन।

अन्तर्राष्ट्रिय सहयोगलाई सुदृढ पार्न र आफ्नो मानवअधिकारसम्बन्धी दायित्वहरू पूरा गर्न सबै सरकारले कोभिड–१९ को खोप सबैलाई उपलब्ध र सुलभ बनाउनुका साथै उपचार र हेरचाहको क्रममा खोपलाई निःशुल्क बनाउनु पर्दछ। उनीहरूले मानवअधिकार मापदण्डमा आधारित विश्वव्यापी सामाजिक संरक्षण कोषको विकास गर्ने कार्यलाई पनि सहयोग

र समर्थन गर्नुपर्दछ। धनी राष्ट्र र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले ऋण निलम्बन र रद्द गर्नेलगायत महामारीको प्रतिकार्य गर्ने र यसबाट माथि उठ्ने कार्यका लागि आवश्यक संसाधनहरू सबै राष्ट्रहरूसँग उपलब्ध रहेको सुनिश्चित गर्नुपर्छ।

**लैङ्गिकतामा आधारित हिंसा**

कुवेत, दक्षिण कोरिया र सुडानमा महिला र बालिकाविरुद्ध हुने हिंसालाई संबोधन गर्न नयाँ कानून पारित गरियो। क्रोएशिया, डेनमार्क, नेदरल्याण्ड र स्पेनलगायतका केही देशहरूले बलात्कारसम्बन्धी कानुनमा सुधार ल्याउनका लागि ती कानुनमा यौनजन्य कार्य सहमतिमा आधारित हुनुपर्ने व्यवस्था राख्नका लागि कदम चाले। धेरै अफ्रिकी देशहरूमा बलात्कार तथा शान्ति र द्वन्द्वका समयमा हुने अन्य यौन हिंसाका घटनामा भएको दण्डहीनताको अन्त्य गर्न अभूतपूर्व खालका न्यायिक विकासहरू भएका थिए। अफ्रिकी सङ्घले महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि एउटा नयाँ क्षेत्रीय सन्धि मस्यौदा गर्न तयारी अवस्थामा रहेको पाइएको छ। तथापि युरोपेली परिषद्को समकक्षी इस्तानबुल महासन्धिको कार्यान्वयनलाई भने तीन सदस्य राष्ट्रहरूमा अवरुद्ध गरियो।

परिवारको प्रतिष्ठा जोगाउन गरिने हत्या ("honour" killings), र जातमा आधारित, घरेलु र यौनजन्य हिंसालगायतका लैङ्गिक हिंसा व्यवहारत विश्वव्यापी रूपमै दिमागै झस्काउने तहको उच्च दरमा रह्यो र अधिकारीहरू यसलाई रोक्नको लागि पर्याप्त कारबाही गर्न, पीडकका विरुद्ध मुद्दा चलाउन र पीडित तथा हिंसाबाट बाँचेकाहरूलाई उपचारको पहुँच प्रदान गर्न असफल भएका छन्। इस्लामी कानुनको उल्लङ्घन गरेको अवस्थामा महिलाहरूलाई दण्डित गरेर वा पुरूषहरूलाई यातनाकै हदमा हुने गुदद्वार परीक्षण आदि गरेर केही अधिकारीहरू आफैंले हिंसा गरेका छन्।

कानुन र अभ्यासमा लामो समयदेखि विद्यमान रहेको विभेदले हिंसालाई थप मजबुत बनायो र अन्य तरिकाबाट पनि विभेद स्वप्रकट हुन पुग्यो। अनुगमन गरिएका १४९ मध्ये २४ देशमा फरक यौनिक अभिमूखिकरण भएका (LGBTI) व्यक्तिहरूलाई उनीहरूको यौनिक अभिमूखिकरण वा लैङ्गिक पहिचानका कारण सन् २०२० मा पक्राउ गरिएको वा हिरासतमा राखिएको आरोपहरूका बारेमा एम्नेस्टी इन्टरनेसनलले अभिलेख गरेको छ।

कोभिड-१९ नियन्त्रणका उपायहरूले यो अवस्थालाई अझ नराम्रो बनाएको थियो। विश्वभरिका सहयोगी सङ्घ संस्थाहरूले लैङ्गिक र घरेलु हिंसा स्पष्ट रूपमा देखिने गरी वृद्धि भएको रिपोर्ट गरे। धेरै महिला र फरक यौनिक अभिमूखिकरण भएका (LGBTI) व्यक्तिहरू लकडाउनको समयमा दुर्व्यवहार गर्ने व्यक्तिहरूसँगै घर भित्र थुनिन पुगेका थिए। केही सरकारले पीडितलाई सहयोग गर्न आपतकालीन कदमहरू अपनाएका थिए। यद्यपि धेरै सरकारले यौन तथा प्रजनन स्वास्थ्य र परामर्श सेवालगायतका सहयोगहरूलाई गैरअत्यावश्यक भनी वर्गिकरण गरे जसका कारण ती सेवाहरू लकडाउनको समयमा निलम्वित हुन पुगे।

केही क्षेत्राधिकारभित्र गर्भपतनसम्बन्धी हेरचाहलाई त्यसरी नै वर्गिकरण गरियो जसले सीमान्तकृत समूहलाई असमानुपातिक रूपमा प्रभावित पार्यो। यसको विपरित अन्यले भने सङ्क्रमणको जोखिमलाई कम गर्न टेलिमेडिसिनको माध्यमबाट गर्भपतनसम्बन्धी सेवा र औषधिमा पहुँच प्रदान गर्ने खालका प्रगतिशील नीतिहरू अपनाए। कोभिड महामारी सन्दर्भ बाहिरको सकारात्मक विकास क्रममा अर्जेन्टिना, उत्तरी आयरल्यान्ड र दक्षिण कोरियामा गर्भपतनलाई गैर-अपराधीकरण गरियो। तथापि अमेरिकी महाद्वीपका धेरै जसो राष्ट्रहरूमा गर्भपतनलाई अपराधीकरण नै गरिराखियो र युरोपेली सङ्घका राष्ट्रहरूमा एउटा न्यायिक फैसलाका कारण गर्भपतनसम्बन्धी सेवाको पहुँचमा थप बन्देज लाग्न पुग्यो।

महिलाको मानवअधिकारलाई अग्रगति प्रदान गर्ने र "सबै महिला र बालिकाविरुद्ध हुने सबै स्वरूपका हिंसा र हानिकारक व्यवहारहरू" उन्मूलन गर्ने प्रतिबद्धताहरूलाई पुनःसङ्कल्प गर्ने एउटा स्वागतयोग्य राजनीतिक घोषणापत्र अनुमोदन गरेर अन्तर्राष्ट्रिय स्तरमा संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूले बेइजिङ्ग घोषणापत्र र कार्य योजना (Beijing Declaration and

Platform for Action) को २५ औं वार्षिकोत्सव मनाए। यद्यपि उनीहरूले यौन तथा प्रजनन स्वास्थ्य र अधिकारसम्बन्धी कुनै स्पष्ट सन्दर्भ समावेश गरेनन्। साथै लामो समयदेखिको अन्तर्राष्ट्रिय प्रतिबद्धताबाट "यौन तथा प्रजनन अधिकार"लाई हटाउने प्रयासलाई जारी राख्दै केही सरकारले महिलाको अधिकार र लैङ्गिक समानताको सवालमा विद्यमान सहमतिलाई कमजोर पार्ने कोशिस गरे।

महिला र फरक यौनिक अभिमूखीकरण भएकाहरूको अधिकारविरुद्धका आक्रमणहरूलाई रोक्न सरकारहरूले तत्काल कडा कदम चाल्नुपर्दछ र लैङ्गिक न्याय प्राप्त गर्नका लागि ठोस उपायहरूलाई कार्यान्वयन गर्नुपर्दछ। उनीहरूले बेइजिङ्ग घोषणापत्र, महिला, शान्ति र सुरक्षासम्बन्धी एजेन्डा जस्ता विश्वयापी पहलहरूलाई कडा उपायका रूपमा व्यवहारमा लागू गरी लैङ्गिक हिंसा उन्मूलन गर्ने, विभेद लगायत हिंसाका मूल कारणहरूलाई सम्बोधन गर्ने र सबैका लागि यौन तथा प्रजनन स्वास्थ्य र अधिकारलाई प्रत्याभूत गर्ने कार्य गर्नुपर्दछ।

**असहमतिको दमन**

धेरै सरकारहरूले असहमतिलाई दमन गरे र अन्य तवरमा नागरिक स्थल (civic space) लाई सङ्कुचित तुल्याए। जवाफदेहीताविहीन शासकहरू, सामाजिक र आर्थिक अधिकारमा भएको स्खलन र संरचनागत जातिवाद वा नश्लवाद (*ब्लाक लाइभ्ज् म्याटर* आन्दोलनले उठाएका जस्ता सवालहरू) विरुद्ध भएका विरोध प्रदर्शनहरूको जवाफमा सुरक्षा बलहरूले बन्दुक र अश्रु ग्यासजस्ता अलि कम घातक हतियारहरूको दुरूपयोग गर्दै सयौँलाई गैरकानुनी तवरमा हत्या गरे र धेरैलाई घाइते तुल्याए। उनीहरूले मानवअधिकार रक्षक, पत्रकार र राजनीतिक विरोधीहरूलाई धम्की दिँदै र स्वेच्छाचारी ढङ्गमा हिरासतमा राख्दै निशानामा पारे। केहीले भ्रष्टाचार वा मानवअधिकार उल्लङ्घनका बारेमा भन्डाफोर गरेका थिए। धाँदली भएको विश्वसनीय आरोपहरूले ग्रसित निर्वाचन वा आधारभूत स्वतन्त्रतामा लगाइएको बन्देजको सन्दर्भमा कतिपयलाई पछ्याइयो। महिला मानवअधिकार रक्षकहरूले अक्सर आफ्नो लैङ्गिकताका कारण थप जोखिमको सामना गरे।

विशेषगरी एशिया र मध्यपूर्व तथा उत्तरी अफ्रिकाका केही देशहरूमा अधिकारीहरूले मानवअधिकार रक्षक र पत्रकारहरूलाई गलत सूचना फैलाएको, राज्यको गोप्य सामग्रीलाई सार्वजनिक गरेको र अधिकारीहरूलाई अपमान गरेको जस्ता अस्पष्ट शब्दका अभियोगहरूको प्रयोग गर्ने, उनीहरूमाथि मुद्दा चलाउने तथा कैदसमेत गर्ने वा उनीहरूलाई “आतङ्कवादी”को बिल्ला भिराउने कार्य गरे। केही सरकारले उनीहरूलाई निशाना बनाउने उद्देश्यले विद्युतीय निगरानी उपकरणमा लगानी गरे। केहीले एम्नेस्टी इन्टरनेसनललगायतका मानवअधिकार संस्थाको सञ्चालनलाई निस्तेज तुल्याइदिए। मानवअधिकार रक्षकहरूको लागि सबैभन्दा हिंस्रक क्षेत्र बनेको ल्याटिन अमेरिका र क्यारेबियनमा राज्य वा व्यापारिक स्वार्थसँग सम्बन्धित कारबाहीका क्रममा आपराधिक समूहहरूद्वारा धेरैले ज्यान गुमाए।

अमेरिका र मध्यपूर्व तथा उत्तर अफ्रिकाका केही अधिकारीहरूले महामारीसँग सम्बन्धित टिप्पणीलाई आपराधीकरण गर्ने कानुन जारी गरे र पछि झूटा समाचार फैलाएको वा सरकारी निर्णयहरूमा बाधा पुऱ्याएको आरोपमा मानिसहरूमाथि मुद्दा चलाए। युरोपका अन्यले भने राष्ट्रिय सुरक्षासम्बन्धी कानुनलाई हतारका साथ अगाडि बढाएर वा नागरिक निगरानी क्षमता वृद्धि गरेर वा वृद्धि गर्ने त्रास फैलाएर सार्वजनिक स्वास्थ्य सङ्कटलाई थप वृहत बनाए।

महामारीको समयमा लगाइएको भेला तथा सम्मेलनहरूमाथिको प्रतिबन्धलाई लागू गर्नका लागि धेरै सरकारले खासगरी अफ्रिका र अमेरिकामा विरोध प्रदर्शनमाथि आम प्रतिबन्ध लगाए वा गैरकानुनी बलको प्रयोग गरे। यसबाहेक अधिकारीहरूले विशेषगरी एशिया र मध्य पूर्व तथा उत्तर अफ्रिकामा कोभिड-१९ को सवालमा सरकारले गरेका कार्यहरूको आलोचना गर्नेहरू, कोभिड प्रतिकार्यका क्रममा भएका उल्लङ्घनहरूलाई उजागर गर्नेहरू वा कोभिडका सवालमा सरकारी आधिकारिक धारणालाई प्रश्न गर्नेहरूलाई दण्डित गरियो। सयौं व्यक्तिहरूलाई स्वेच्छाचारी तवरमा

हिरासतमा लिइयो र केही घटनाहरूमा आरोप लगाई मुद्दासमेत चलाइयो। कतिपय देशहरूमा सरकारले कोभिड महामारीसँग सम्बन्धित नभएका आलोचनालाई समेत दबाउने बहानाको रूपमा महामारीलाई प्रयोग गर्‍यो।

फौजदारी अभियोजनलाई योगदान पुर्‍याउने खालको अनुसन्धान संयन्त्रहरूको निर्माण, कायम र विस्तार गरेर लिबिया, भेनेजुएला र यमनलागतका देशका मानवअधिकार सङ्कटलाई संबोधन गर्ने दिशामा अन्तर्राष्ट्रिय स्तरमा संयुक्त राष्ट्र सङ्घको मानवअधिकार परिषद्मा प्रगति हाँसिल भएको छ। यद्यपि संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरू चीन, इजिप्ट र भारतलगायतका देशहरूमा जारी असहमतिका स्वरहरूको दमन र मानवअधिकार अवस्थाको गम्भीर प्रवृत्तिका सवालमा विश्वसनीय प्रतिकार्य अगाडि बढाउन विफल भए। कानुन कार्यान्वयनका क्रममा अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गर्न सक्ने सम्भावना भएका द्वन्द्वका अवस्थामा रहेका राष्ट्रहरूलाई भीड नियन्त्रणका सामग्री र गोला बारूदहरू बिक्री गर्ने कार्य जारी राखेर केही सरकारहरूले यो समस्यालाई झन बढाए। धेरैले संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्द्वारा लगाइएको हतियारमाथिको बन्देजलाई खुलेआम उल्लङ्घन गरे।

अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसि)ले अफगानिस्तानमा अनुसन्धान सुरूवात गर्‍यो र म्यानमार/बंगलादेशमा भइरहेको अनुसन्धान पनि जारी रह्यो। नाइजेरिया र युक्रेनमा प्रारम्भिक परीक्षण सम्पन्न भएको छ र फौजदारी अदातलका अभियोजकले आरोपित युद्ध अपराध र मानवताविरुद्धको अपराधका सन्दर्भमा अनुसन्धान गर्न चाहेको घोषणा गरेकी छन्। अभियोजकले कब्जा गरिएका प्यालेस्टिनी क्षेत्रहरूमा अनुसन्धान गर्ने उद्देश्यका साथ त्यस क्षेत्रमा आइसिसिको क्षेत्रीय क्षेत्राधिकारको दायराका बारेमा एउटा निर्णय खोजेकी छन्।

यद्यपि शक्तिशाली राष्ट्रहरूले गम्भीर मानवअधिकार उल्लङ्घनमा जवाफदेहिता अवरुद्ध गर्ने र ती उल्लङ्घनविरुद्धका सामूहिक प्रतिकार्यलाई कमजोर बनाउने कार्य जारी राखे। संयुक्त राज्य अमेरिकाले अन्तर्राष्ट्रिय फौजदारी अदालतका कर्मचारीहरूमाथि प्रतिबन्ध लगायो। बेलायतको सेनाविरुद्ध इराकमा मानवअधिकार उल्लङ्घनका सवालमा लागेको आरोपमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको अभियोजकको कार्यालयले अनुसन्धान सुरू नगर्ने दुखद् निर्णय गर्नु पछाडिको मूल कारण बेलायतद्वारा भएको अवरोध नै हो। चीन र रसियाले अन्तर्राष्ट्रिय मानवअधिकारका संयन्त्र र संयुक्त राष्ट्र सङ्घका स्वतन्त्र मानवअधिकार अनुगमनकर्तामाथि आक्रमण गरे। संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्मा जारी राजनीतिक गतिरोधले मानवअधिकारका सङ्कटहरूमा सामयिक र प्रभावकारी ढङ्गमा प्रतिकार्य गर्ने उसको क्षमतालाई निस्तेज बनाइदियो।

अझ व्यापक रूपमा विभिन्न सरकारहरूले धाक, धम्की र प्रतिशोधका माध्यमबाट नागरिक समाजका कर्ताहरूलाई संयुक्त राष्ट्र सङ्घसँग सहकार्य गर्नमा अवरोध पुर्‍याए। संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूले आफूले तिर्नुपर्ने योगदानको रकम नतिरेकाले वा तिर्न ढिला गरेकाले संयुक्त राष्ट्र सङ्घका मानवअधिकार संयन्त्र र संस्थाहरूले आर्थिक तथा तरलताको सङ्कटको सामना गरे। महामारीका कारण यी चुनौतीहरू थप गम्भीर बन्न पुगेका थिए।

अन्तर्राष्ट्रिय कानूनलाई संरक्षण गर्ने कार्यदिश पाएका संस्थाहरूले असहमतिको दमन र मानवअधिकार उल्लङ्घनका अन्य स्वरूपहरूलाई प्रभावकारी रूपमा रोक्न, त्यसको प्रतिरोध गर्न तथा जवाफदेहिता खोज्न सक्ने खालको भविष्य निर्माण गर्नका लागि सबै राष्ट्रहरूले संयुक्त राष्ट्र सङ्घको मानवअधिकार संयन्त्र र संस्थाहरूलाई सुदृढ बनाउनुका साथै पूर्ण रूपमा वित्तीय सहयोग प्रदान गर्नुपर्दछ। उनीहरूले अन्तर्राष्ट्रिय फौजदारी अदालतसँग विचारधीन मुद्दाहरूमा पूर्ण सहयोग गर्नुपर्दछ र राजनीतिक हस्तक्षेपको विरोध गर्नु पर्दछ।

**नेपाल**

**सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल**

**राष्ट्र प्रमुख: विद्यादेवी भण्डारी**

**सरकार प्रमुख: खड्ग प्रसाद शर्मा ओली**

**अभिव्यक्ति स्वतन्त्रता र गोपनीयताको अधिकारलाई सीमित गर्नेगरी प्रस्ताव गरिएका विधेयक संसदमा अनिर्णित रहे। सुरक्षा बलले "गलत सूचना फैलाएको" र कोभिड-१९ महामारीको समयमा सरकारको आलोचना गरेकोमा व्यक्तिहरूलाई हिरासतमा राखे। प्रदर्शनकारीहरूलाई हिरासतमा लिइयो र सुरक्षा बलले प्रदर्शनकारीहरूलाई तितरबितर पार्न र बन्दाबन्दी लागू गर्न अत्यधिक बल प्रयोग गर्न जारी राखे। सन् १९९६ देखि २००६ बीचको द्वन्द्वमा भएका अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अपराध र मानवअधिकार उल्लङ्घनमा सत्य, न्याय र परिपूरण प्रदान गर्ने दिशामा भएका प्रयासहरू समग्रमा अपर्याप्त रहे। आदिवासी जनजाति परिवारहरूलाई जबर्जस्ती निष्कासन गरियो र उनीहरूको घर ध्वस्त पारियो। यौनजन्य  र लैंगिकताका आधारमा हुने हिंसा दण्डहीनताको साथ जारी रह्यो। लैंगिकतामा आधारित विभेद कानुनी र व्यवहारिक दुवै तवरमा जारी रह्यो। दलितविरुद्ध भएका दर्जनौं दुर्व्यवहारहरू रिपोर्ट गरिएको थियो र यी दुर्व्यवहारहरू प्रायः दण्डहीनताका साथ गरिएका थिए। महामारीका कारण विदेशमा अलपत्र परेका र अन्य तवरमा प्रभावित भएका आप्रवासी श्रमिकहरूलाई संरक्षण गर्न सरकारले पर्याप्त कदमहरू चालेन।**

## पृष्ठभूमि

सत्तारूढ दलभित्रको विवादका बीच प्रधानमन्त्री ओली नेतृत्वको मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति भण्डारीले पौषमा संसदको तल्लो सदन विघटन गरिन्। वर्षको अन्त्यमा उक्त निर्णयका विरुद्ध सर्वोच्च अदालतमा धेरै मुद्दाहरू विचाराधीन थिए।

## गोपनीयताको अधिकार

न्यायिक अनुमतिबिना नै गोपनीयताको अधिकारमा हस्तक्षेप गर्न मिल्ने फराकिलो र अस्पष्ट प्रावधानहरू समावेश गरिएको नेपाल विशेष सेवा विधेयक संसदको माथिलो सदनले गत जेठमा अनुमोदन गरेपछि तल्लो सदनमा विचाराधीन रहेको छ। सूचना तथा सञ्चार मन्त्रालयले पर्याप्त कानुनी सुरक्षा बिना नै अधिकारीहरूलाई व्यक्ति तथा संस्थामाथि निगरानी गर्ने, सूचना सङ्कलन र अभिलेख गर्ने गरी फराकिलो अधिकार दिने प्रावधानसहितको दूरसञ्चारसम्बन्धी विधेयकको मस्यौदा तयार गर्‍यो।

## भेला हुने र अभिव्यक्ति स्वतन्त्रता

अभिव्यक्ति स्वतन्त्रतालाई गम्भीर ढङ्गमा कुण्ठित गर्ने प्रावधानसहितका श्रृंखलाबद्ध रूपमा ल्याइएका मिडिया काउन्सिल विधेयक, आमसञ्चार विधेयक र सूचना प्रविधि विधेयकलगायतका विधेयकहरू संसदमा विचाराधीन छन्। पत्रकारलगायत दर्जनौं व्यक्तिहरूलाई "गलत सूचना फैलाएको" वा कोभिड-१९ महामारीका सन्दर्भमा सरकारको आलोचना गरेकोमा पक्राउ गरियो। नेपाल प्रेस काउन्सिलले "झुटो र मनोगढन्ते समाचार" प्रकाशित गरेकोमा ३० वटा भन्दा धेरै वेबसाइट बन्द गर्‍यो।

सुरक्षा बलले अधिकारकर्मीहरूलाई हिरासतमा लिने कार्य जारी राखे र शान्तिपूर्ण प्रदर्शनकारीहरूलाई तितरबितर पार्न प्रायः अत्यधिक बल प्रयोग गरे। जनवरी (माघ)मा द्वन्द्वको बेला भएका अपराधहरूमा न्यायको माग गर्दै शान्तिपूर्ण रूपमा विरोधमा उत्रिएका मानवअधिकारकर्मीहरूलाई प्रहरीले हिरासतमा लियो। धनुषामा भएको दलित हत्यामा अनुसन्धान र जवाफदेहिताको माग राख्दै उत्रिएका प्रदर्शकारीहरूमाथि सुरक्षा बलले अश्रु ग्यास प्रयोग गरे। मंसिरमा महोत्तरी  जिल्लामा

छ वर्षीया बालिकाको बलात्कारपछि हत्या भएको विरोधमा उत्रिएका प्रदर्शनकारीहरूमाथि सुरक्षा बलले गोली प्रहार गर्दा एक जना व्यक्तिको मृत्यु भयो र गोली लागी अन्य दुई जना गम्भीर घाइते भए। महामारीको सयममा लगाइएको बन्दाबन्दी कार्यान्वयन गराउन सुरक्षा बलले अक्सर अत्यधिक बलको प्रयोग गरे।

## सत्य, न्याय र परिपूरणको अधिकार

सन् १९९६ देखि २००६ सम्म सशस्त्र द्वन्द्वको समयमा भएका अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अपराध र मानवअधिकार उल्लङ्घनका हजारौं पीडितहरूलाई सत्य, न्याय र परिपूरण प्रदान गर्न सरकार असफल रहयो। राज्यका सुरक्षा बल र सशत्र विद्रोही समूहहरूद्वारा भएका अपराधसम्बन्धी ६३,००० भन्दा धेरै उजुरीहरू एकसाथ सङ्कलन गरेका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग प्रभावकारी र स्वन्तन्त्र अनुसन्धान गर्न विफल रहे। सर्वोच्च अदालतले गरेको पटक पटकको आदेशअनुसार बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मापदण्डअनुरुप बनाउन सरकार विफल भयो। जनवरीमा पीडितहरूसँग पर्याप्त परामर्श नगरिकन र अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अपराधहरूमा क्षमादान दिन मिल्ने कानुनको संशोधन नै नगरी दुई आयोगमा नयाँ आयुक्तहरूको नियुक्ति टुङ्ग्यायो।

सतारूढ दलले द्वन्द्वकालीन अपराधमा संलग्न भएकाहरूलाई पूर्ण र स्वतन्त्र अनुसन्धानबिना शक्तिशाली पदहरूमा नियुक्ति गर्ने कार्य जारी राख्यो। अक्टोबरमा राष्ट्रिय मानवअधिकार आयोगले २८६ जना आरोपित पीडक व्यक्तिहरूको नाम सार्वजनिक गर्यो र आयोगका सिफारिसहरूलाई कार्यान्वयन गर्न र अपराधीहरूलाई जवाफदेही बनाउने कार्यमा भएको सरकारको विफलताका बारेमा प्रकाश पारेको थियो।

## आप्रवासी श्रमिकहरूको अधिकार

कोभिड-१९ का कारण बन्दाबन्दी लागू भएपछि विदेशमा अलपत्र परेका लाखौं नेपाली आप्रवासी श्रमिकहरूको अधिकार संरक्षण गर्न सरकार विफल भयो। वैदेशिक रोजगार कल्याणकारी कोषको माध्यमबाट आप्रवासी श्रमिकहरूको संरक्षण र शुलभ स्वदेश फिर्ती प्रक्रिया सुनिश्चित गर्न उनीहरू असफल भए। स्वदेश फर्किएका धेरै आप्रवासी श्रमिकहरूको पर्याप्त जीवनस्तर सुनिश्चित गर्न र कोभिड-१९ *क्वारेन्टाइन सुविधास्थलहरूमा* उनीहरूको स्वास्थ्य र सुरक्षाको संरक्षण गर्न पनि अधिकारीहरू विफल भए। जेठमा कैलाली जिल्लाको *क्वारेन्टाइन सुविधास्थल*मा बसेकी एकजना आप्रवासी महिला बलात्कृत भएकी थिइन्।

## जबर्जस्ती निष्कासन

जुलाईमा अग्रिम सूचना नदिइकनै चितवन राष्ट्रिय निकुञ्जका अधिकारीहरूले दुईवटा घरमा आगो लगाउँदै र हात्ती प्रयोग गरी अन्य आठवटा घर ध्वस्त पार्दै आदिवासी जनजाति १० चेपाङ परिवारलाई जबर्जस्ती निष्कासन गरे। त्यस्तै देशैभरी अनौपचारिक रूपमा बसोवास गर्ने अन्यहरू जबर्जस्ती निष्कासनको जोखिममा रहे।

## विभेद

विभिन्न संवैधानिक निकायहरूमा समयमा नै आयुक्तहरूको नियुक्ति सुनिश्चित गर्न सरकार विफल भयो जसका कारण महिलाअधिकार र जनजाति, दलित, मधेसी, थारू र मुस्लिमलगायत सीमान्तकृत समूहहरूको अधिकारको संरक्षण तथा प्रवर्धन गर्ने उनीहरूको क्षमतामा गम्भीर असर पर्यो।

लैङ्गिकतामा आधारित विभेद कायम नै रह्यो र महिलाहरूलाई नागरिकताको समान अधिकारबाट इन्कार गर्ने संवैधानिक कमजोरीहरूलाई सरकारले संबोधन गरेन। प्रहरीमा २,१०० भन्दा धेरै बलात्कार र यौन हिंसाका घटनाहरूका बारेमा उजुरी परेका थिए। पीडितहरू बालबालिका र दलितहरू थिए। मुलुकी अपराध संहितामा रहेको बलात्कारसम्बन्धी कठोर हदम्याद्ले पीडकहरूलाई दण्डहीनता प्रदान गरी नै राख्यो। महिला र बालिकामाथि हुने एसिड आक्रमणलाई अन्त्य गर्ने उद्देश्यले असोजमा सरकारले दुईवटा अध्यादेशहरू पारित गर्यो।

जातीय विभेदलाई संबोधन गर्न कानुन र नीतिमा रहेका प्रावधानहरूको बाबजुद दलित समुदायका सदस्यहरूविरुद्ध भएको विभेद, बहिष्करण, हत्या र यौन हिंसाका असंख्य घटनाहरूका बारेमा रिपोर्ट गरिएका थिए। जेठमा अन्तर्जातीय सम्बन्धका विरोधीहरूले चार जना दलितलगायत छ जना व्यक्तिको पश्चिम रुकुम जिल्लामा हत्या गरे। त्यस्तै जेठमा नै उपल्लो जातको बलात्कारीसँग जबर्जस्ती विवाह गराइएपछि रुपन्देही जिल्लामा एकजना १२ वर्षीया दलित बालिकालाई संभवतः बलात्कारपछि हत्या गरियो। एक महिनाअघि मात्रै १४ वर्षीया बालिकालाई बलात्कार गरेकोमा मुद्दा नचलाइएको भनिएका व्यक्तिद्वारा बझाङ जिल्लामा सेप्टेम्बरमा अर्की १२ वर्षीया दलित बालिकालाई बलात्कारपछि हत्या भएको थियो। ।

**यातना र अन्य दुर्व्यवहार**

थुनुवाहरूबाट “स्वीकारोक्ति” प्राप्त गर्न र उनीहरूलाई त्रसित पार्न न्यायिक सुनुवाइ पूर्वको हिरासतमा यातना र अन्य दुर्व्यवहार व्यापक रहे। सन् २०१७ मा जारी गरिएको मुलुकी अपराध संहिताले यातना र अन्य दुर्व्यवहारलाई अपराधीकरण गरेको भएतापनि सन् २०२० को अन्त्यसम्ममा यस कानुनअन्तर्गत कसैलाई पनि दोषी ठहराइएको छैन।

यातनाको कारण मृत्यु भएको भनिएका धेरै आरोपहरूका बारेमा रिपोर्ट गरिएका थिए र यस्तो यातना र मृत्युको घटना विशेषगरी दलित र जनजाति समुदायमाथि भएको थियो। जुलाईमा चितवन राष्ट्रिय निकुञ्जमा खटिएका नेपाली सेनाका कर्मचारीद्वारा दिइएको संभावित यातनाको कारण एक जना आदिवासी व्यक्ति राजकुमार चेपाङको मृत्यु भयो। एक जना सैनिक अधिकारीलाई हत्याको आरोपमा थुनामा राखिएको छ।

प्रहरी हिरासतमा यातनाका कारण भएको हुनसक्ने शंकास्पद धेरै मृत्युहरू, विशेषगरी दलित युवाहरूको मृत्युको बारेमा अधिकारीहरू स्वतन्त्र र विश्वसनीय अनुसन्धान गर्न विफल भए। सोधपुछको क्रममा दिइएको संभावित यातनाका कारण अगष्टमा विजय महराको हिरासतमा मृत्यु भयो। तीन जना प्रहरी अधिकृतहरूलाई छ महिनाका लागि निलम्बित गरियो । तर उनीहरूलाई यातना र हत्याको अभियोग लगाइएन। जुनमा धनुषाको प्रहरी हिरासतमा सम्भु सदाको र सेप्टेम्बरमा कैलाली जिल्लामा रोशन बिकको मृत्यु भयो। प्रहरीले दुवैजनाले आत्महत्या गरेको दाबी गरेको थियो भने उनीहरूको परिवारले यातनाका कारण मृत्यु भएको आरोप लगाएका थिए।